# फलादेल्फिया बिद्यलय जिल्ला

## भर्ना दिशानिर्देश

### सिंहावलोकन:

एउटा विद्यार्थीले कुनै पनि बिद्यालयमामा भर्नाको लागि दर्खास्त बुझाएको खण्डमा र विद्यार्थी क्षेत्र भित्र बस्छ वा विद्यार्थीले कहाँ दर्खास्त गर्नु पर्छ भनी तुरुन्तै ठीक जानकारी प्राप्त गरेको खण्डमा बिद्यालय भर्ना पुरा गर्नु पर्छ।

बसिन्दा भएका विद्यार्थीहरु सँग २१ बर्ष सम्म स्नातक गरी कार्यक्रम पुरा नगरे सम्म वा निकास नगरे सम्म बिद्यालयमा भर्ना हुने अधिकार हुन्छ। बिद्यालयमा फिर्ता आउने इक्ष्या भएका विद्यार्थीहरु सामान्य कक्षामा भर्ना र पुन भर्ना हुन अनुमती दिनु पर्छ।

### प्रक्रियाहरु:

अब देखी पहिलाको बाल बलिकाहरुको फिलाडेल्फिया बिद्यालय जिल्लाका कार्यक्रमहरुमा भर्नाको प्रक्रिया र प्रचलनहरुलाई हाल लागु गरिएको प्रक्रियाले हटाउने छ।

भर्ना गरेको दिनको भोलि पल्ट या बिद्यालय जिल्लाले आवश्यक कागज पत्रहरु प्राप्त पाएको ५ दिन भित्रमा बिद्यलयमा पढ्न आउन दिन पर्छ। (22 Pa. Code §11.11(b))

### चाहिने जानकारीहरु:

बिद्यालय जिल्लाले विद्यार्थीहरुको लागि सुरक्षित वातावरण बनाइ राख्न, बिद्यालयले यि कुराहरुको अनुरोध गर्न सक्ने छ:

- दर्ता गर्ने बेला आमा बुवा वा अभिभावकहरुको परिचय पत्रको प्रतिलिपी। बिद्यालयबाट विद्यार्थीलाई घर लग्ने अनुमती भएको व्यक्तिलाई चिन्न यो प्रतिलिप फाइलमा राखिने छ।
- विद्यार्थीहरुलाई उपयुक्त कक्षा र उपयुक्त सहयोग प्रदान गर्न बिद्यालयले स्वास्थ्य वा शारिरिक जांचको रेकोर्ड, शैक्षिक रेकोर्ड र उपस्थितीको रेकोर्ड, व्यक्तिगत शिक्षा कार्यक्रम र अरु बिशेष शिक्षा रेकोर्ड माग्न सक्छ।

कृपया याद राख्नुहोस्: बिद्यालयले जानकारीको अनुरोध गरे पनि बालकलाई भर्ना गर्न यि जानकारी आवश्यक नहुन सक्छ र यि कागज पत्र प्रदान नगर्दैमा विद्यार्थीको भर्ना ढिलो हुने छैन। बालक भर्ना भए पछी पनि बिद्यालयले आमा बुवा वा अभिभावक सँग जानकारी माँग्न सक्ने छ।

### चाहिने कागज पत्र हरु

**१) बालकको उमेरको प्रमाण (यी मध्यै एउटा चाहिन्छ)**

# फलादेल्फिया बिद्यलय जिल्ला

## भर्ना दिशानिर्देश

स्विकार गरिने कागज पत्रहरुमा यि सम्मिलित हुन्छ (तल उल्लेखित उदहारणहरुमा सिमित हुने छैन):

- बालकको सक्कली जन्म प्रमाण पत्र
- बालकको जन्म प्रमाण पत्रको प्रमाणित गरिएको प्रतिलिपी
- बालकको हालको राहदानी
- बालकको जन्म मिती भएको नामाकरण समारोह प्रमाण पत्र
- जन्म मिती देखाएको नामाकरण समारोहको प्रमाण पत्रको प्रतिलिपी
- जन्म मिती तोकिएको आमा बुवा वा अभिभावकको प्रमाणित गरिएको बयान
- जन्म मिती तोकिएको पहिलाको बिद्यालयको रेकोर्ड

**२) खोपको रेकोर्ड (यी मध्ये एउटा प्रदान गर्नु पर्छ)**

स्विकार गरिने कागज पत्रहरुमा यि सम्मिलित हुन्छ:

- बालकको खोपको रेकोर्ड
- आवश्यक खोपहरु लगाइ सकेको वा लगाइ रहेको छ भनेर पहिलाको बिद्यालय जिल्ला वा स्वास्थ्य कार्यालय द्वारा बयान गरेको लिखित पत्र
- आवश्यक खोपहरु लगाइ सकेको र सो खोपको रेकोर्ड आउँदै छ भनेर मौखिक अश्वासन

### खोप लगाउन बाट छुट्कारा

(क) स्वास्थ्यको कारण छुट्कारा। डाक्टरले वा डाक्टरले तोकेको व्यक्तिले खोप लगाउँदा बालकको स्वास्थ्यलाई हानी हुन सक्छ भनेर लिखित बयान प्रदान गरीएको छ भने बालकहरुलाई खोप दिनु पर्ने छैन। खोप द्वारा स्वास्थ्यलाई हानी हुँदैन भनेर डाक्टरले भनेको खण्डमा बालकलाई यो पत्रको अनुसार खोप दिनु पर्ने हुन्छ।

(ख) धर्मको कारणले छुट्कारा। आमा बुवा, अभिभावक वा स्वतन्त्र भएको बालकले लिखित रुपमा खोप लागाउने आफ्नो धर्म वा नैतीक बिचार बिरुध हो भनेर लिखित वयान प्रदान गर्नु भएको खण्डमा बालकलाई खोप बाट छुट्कारा मिल्न सक्ने छ।

कृपया याद राख्नु होस्: यदी बालकले हालनै हरेक खोपको पहिलो सुइ लिएको छ भने सो विद्यार्थी भर्ना हुन पाउने छ। विद्यार्थी सो खोपको प्रक्रियामा हुनु पर्छ र समय तालिकाको पालना गर्नु पर्ने हुन्छ (जस्तैकी पहिलो सुइ पाएपछी तिस दिन पछी दोस्रो सुइ पाउने)। फिलाडेल्फियाको स्वास्थ्य र रोग नियन्त्रण बिभागको बिद्यालयमा भर्नाको लागि खोपको आवश्यकता हेर्न कृपया यहाँ थिच्नु होला।

# फलादेल्फिया बिद्यलय जिल्ला

## भर्ना दिशानिर्देश

**३) आफ्नो ठेगानाको प्रमाण (यी मध्ये २ वटा चाहिन्छ)**

चाहिने कगज पत्रमा यि कागज पत्रहरु सम्मिलित हुन्छन्: बिद्यालयहरुले परिवारको अवस्था हेरी कागज पत्र स्विकार गर्नु पर्ने हुन्छः

- सम्पत्तीको सम्झौता
- घरको धितोको दस्तावेज
- हालको बिजुली, पानी र ग्यासको बिल
- सम्पत्तिको करको बिल
- हालको ठेगाना भएको हालको राज्यको गाडी संचालक प्रमाण
- हालको ठेगाना भएको सोसल सिक्युरिटी कार्यालयको पत्र
- हालको ठेगाना भएको सार्वजनिक सहयोग कार्यालयबाट प्राप्त गरेको पत्र
- बालकलाई अरु व्यक्तिहरुको वा संस्थानको हेर बिचार मा भएको खण्डमा अरुले पालेको र नागरिक सेवा बिभागको पत्र पनि स्विकार गरिन्छ
- आमा बुवा अभिभावकको नाम भएको र सब्बै जनाले सही गरेको मौलिक डेराको सम्झौता
- हालको ठेगाना भएको हालको राज्यको गाडी संचालक प्रमाण वा राज्यले दिएको परिचय पत्र
- हालको क्रेडिट कार्डको बिल
- हालको गाडीको दर्ता
- हालको ठेगाना भएको मतदाताको परिचय पत्र
- हालको ठेगाना लेखिएको बैन्कको विवरण
- आइ आर एस को विवरण र अरु करको विवरण (W2, 1040, 1099)
- हालको ठेगाना भएको तलबको प्रमाण
- घर नभएका विद्यार्थीहरुको लागि आश्रम नियुक्ती र निवासको पत्र पनि स्विकार गरिन्छ
- घर किनेको सहमति, सहमति समाप्त भएको ४५ दिन भित्र सक्कली सहमति प्रदान गर्नु पर्छ

**४) आमा बुवाहरुको दर्ता बयान ( बिद्यालयले प्रदान गरेको *EH40* विद्यार्थी दर्ता फारममा सम्मिलित भएको)**

बिद्यालय भित्र लागु पदर्थ, रक्सी, हात हतियार, अरुलाई चोट पुराएको वा हिँसामा संलग्न भएको कारण विद्यार्थी निलम्बन वा निस्कासन गरिएको भनेर गरेको शपथ दिनु पर्ने छ (24 P.S. §13-1304-A)। अनुशासन रेकोर्डमा भएको वा शपथ बयानमा भएको

# फलादेल्फिया बिद्यलय जिल्ला

## भर्ना दिशानिर्देश

जानकारीको कारण बिद्यालयले विद्यार्थीलाई भर्ना नदिन वा भर्ना ढिलो गर्न सक्ने छ (24 P.S. § 13-1317.2(e.1))। तर हातहतियारको कारण निलम्बन गरिएको विद्यार्थीलाई बिकल्प शिक्षा सेवा प्रदान गर्न सक्ने हुन्छ। हातहतियार बाहेक अरु कारणले गर्दा विद्यार्थीलाई निलम्बन गरिएको खण्डमा बिद्यालयले विद्यार्थीको पुरानो बिद्यालयको रेकोर्ड र प्रदर्सनीको समिक्षा गरी, बिद्यालय जिल्ला मा भर्ना हुँदा, सेवा वा सहयोग प्रदान गर्नलाई सिफारिश गरिन्छ।

५) **मातृभाषा सर्वेक्षण (बिद्यालयले प्रदान गरेको *EH40* विद्यार्थी दर्ता फारम फारममा (सम्मिलित भएको)**

बिद्यालयमा भर्ना हुनु भन्दा अगाडि, सम्पूर्ण विद्यार्थीलाई संयुक्त राज्य अमेरिकाको शिक्षा बिभागको नागरिक अधिकार कार्यालयको अनुसार मातृभाषा सर्वेक्षण दिइन्छ। मातृभाषा सर्वेक्षण दिनलाई विद्यार्थीलाई भर्ना गर्न बाट ढिलो गर्न मिल्दैन।